السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले कतारस्थित Building and Wood Workers' International (BWI) को सहयोग र समन्वयमा राजदूतावासको सभाहलमा आज एक श्रमिक सचेतना कार्यक्रमको आयोजना गरेको छ। उक्त कार्यक्रममा सहभागी नेपाली श्रमिकहरूलाई अत्यधिक गर्मीका कारण हुन सक्ने समस्या, श्रम स्वीकृति, सामाजिक सुरक्षा, कार्यस्थलमा अपनाउनु पर्ने सुरक्षा विधि, वित्तीय साक्षरता र मानसिक स्वास्थ्यसम्बन्धी विविध शिर्षकमा विषय विज्ञहरूले जानकारीमूलक प्रस्तुतिहरू दिनुभयो।

नेपालको राष्ट्रिय गान बजाएर सुरु गरिएको उक्त कार्यक्रममा श्री निशा पराजुलीले गर्मीले गर्दा हुनसक्ने स्वास्थ्य समस्याहरू तथा त्यसबाट जोगिने उपायहरूका बारेमा “Heat Stress Management” शिर्षकमा प्रस्तुति दिनुभयो। त्यसैगरी नेपाली राजदूतावास, दोहाका श्रम सहचारी श्री प्रेम प्रसाद पोखरेलले नेपालको श्रम कानूनसम्बन्धी जानकारी प्रस्तुत गर्दै वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूले ध्यान दिनुपर्ने विषयहरूका बारेमा जानकारी गराउनुभयो। त्यसपछि श्री बिमल सुवेदीले “Occupational Health and Safety” शिर्षकमा प्रस्तुति दिँदै ‘आफ्नो सुरक्षा आफैं’ भन्ने विषयमा जोड दिँदै कार्यस्थलमा अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा स्वास्थ्य सुरक्षाका उपायहरूबारे कार्यक्रममा सहभागीहरूलाई जानकारीमूलक प्रस्तुति दिनुभयो। बैंकिङ साक्षरतासम्बन्धी प्रस्तुतिमा श्री मनोज भण्डारीले आय बचत, सुरक्षित बैंकिङ अभ्यास र औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउनुपर्ने कुरामा जोड दिनुभयो। त्यसैगरी योग साधिका श्री श्रद्धा कटुवालले “मानसिक स्वास्थ्यका लागि योग” शिर्षकमा प्रस्तुतिकरणका क्रममा मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनका लागि योग र ध्यानको महत्वबारे चर्चा गर्दै सहभागीहरूलाई योग अभ्यास समेत गराउनुभएको थियो। कार्यक्रममा प्रस्तुत गरिएका विषयहरूमा सहभागी नेपाली श्रमिकहरूले प्रस्तोताहरूसँग प्रश्न तथा जिज्ञासा समेत राख्दै सक्रिय सहभागिता जनाउनु भएको थियो।

कार्यक्रमको समापनमा कार्यवाहक राजदूत श्री कुमार राईले वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई स्वास्थ्य, सुरक्षा तथा सचेतनाका विषयहरू अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमहरूले श्रमिकहरूलाई व्यवहारिक ज्ञान तथा आत्मविश्वास अभिवृद्धि गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो। नेपाली राजदूतावास, दोहाकी द्वितीय सचिव सुश्री स्मारीका सुवेदीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कतारमा कार्यरत एक सय भन्दा बढी नेपाली श्रमिकहरूको सहभागिता रहेको थियो।

**२०८३ जेठ १**
**नेपाली राजदूतावास**
**दोहा, कतार**

नेपाली राजदूतावास
दोहा